मिति २०७८/१/१९ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या १०८/२०७८ को निर्णयहरू:-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/७९/३९२-२०७८/१/१९ को "अछाम जिल्लास्थित बान्नीगढी जयगढ गाउँपालिकाको नाम परिवर्तन र वडा विभाजन गर्ने सम्बन्धमा आवश्यक निर्णय हुन नेपाल सरकार समक्ष लेखी पठाउने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/५४/३८७-२०७८/१/१९ को "२०७८ सालको सार्वजनिक विदा" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/५५/३८८-२०७८/१/१९ को "माननीय अक्कल बहादुर रावलको औषधी उपचार खर्च" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/५६/३९३-२०७८/१/१९ को "माननीय मना कुमारी साउँदको औषधी उपचार खर्च" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १३ को उपदफा (२) को दोश्रो वाक्यांशमा उल्लिखित प्रावधान बमोजिम उपचार खर्च वापतको रकम रु. ७५,४०१/- मात्र प्रदेश सभा सचिवालयबाट नियमानुसार भुक्तानी गर्ने ।"

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/५७/३९४-२०७८/१/१९ को "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची हेरफेर" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/५७/३८९-२०७८/१/१९ को "मुक्त हलिया, कमैया तथा कमलरी व्यवस्थापन गर्न बनेको विधेयक तर्जुमाका लागि स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

७. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/४८/३९०-२०७८/१/१९ को "छुट कार्यक्रमहरुका लागि बजेट रकमान्तर गरिदिने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

८. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/७७/३९१-२०७८/१/१९ को "चिकित्सक, स्वास्थ्यकर्मी लगायतका जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी अवधारण पत्र स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

९. माननीय मुख्यमन्त्रीज्यूबाट बैठकमा प्रस्तुत भएको रकम निकासा दिने सम्बन्धी मौखिक प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-

"आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं. ९२२, मिति २०७८/१/१७ को प्राप्त पत्रानुसार सुदूरपश्चिम **प्रदेश कोरोना भाइरस (COVID–19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन)** निर्देशिका, २०७६ को दफा ६ को उपदफा (१) बमोजिम कोष परिचालन तथा व्यवस्थापन समितिको मिति २०७८/१/१६ गते बसेको बैठकको निर्णय नं. ७ मा कोरोना कोष सञ्चालन तथा व्यवस्थापनका लागि रु. १५ करोड निकासाका लागि प्रदेश मन्त्रिपरिषद् समक्ष अनुरोध गर्ने निर्णय भएकोले उक्त निर्णय प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश हुने व्यवस्थाका लागि अनुरोध भई आएकोमा आर्थिक मामिला मन्त्रालयले सुदूरपश्चिम प्रदेश **कोरोना भाइरस (COVID–19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन)** निर्देशिका, २०७६ को दफा ३ को उपदफा (१) बमोजिमको **सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (COVID–19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष** लाई रु. १५ करोड (अक्षरेपी पन्ध्र करोड) निकासा दिने।"

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

नि. प्रमुख सचिव